सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
३ नं. प्रदेश, नेपाल
२०७३

पत्र संख्याः
चलानी नं.:

मितिः २०७५।१२।०७

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५/१२/०७

यस गाउँपालिकाको क्षेत्र भित्र स्वीकृत भएका निम्न सडक आयोजनाहरु आ.ब. २०७५/०७६ मा बोलपत्रद्वारा गर्नुपर्ने भएकोले मान्यता प्राप्त निर्माण व्यवसायी वा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी बोलपत्र आह्वान गरिएकोछ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) बुझाएको रसिद, आ.व. २०७५/०७६ लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व.२०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीहरुबाट वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रित पुर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न बोलपत्र दस्तुर सिद्धलेक गाउँ पालिकाको कार्यालयबाट नगदी रसिद बाट प्राप्त गर्न सकिनेछ । अथवा PPMO को WEBSITE: www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्‍याई E-Bidding गर्न सकिनेछ र E-bidding मार्फत बोलपत्रमा सहभागि हुने बोपत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापतको रकम यस कार्यायको कुमारी बैंक बुङचुङ शाखाको कोष खाता ०८१००३५१२४९०००१ मा जम्मा गरि सो को भौचर समेत स्क्यानिङ्ग गरि अपलोड गर्नु पर्नेछ । अधिकारप्राप्त प्रतिनिधी मार्फत शिलवन्दी बोलपत्र प्रक्रीयामा भागलिन अनिवार्यरुपमा अधिकारपत्र (Power of Attorney) पेश गर्नुपर्ने छ।

२. E-Bidding गर्ने बोपत्रदाताहरुले बोलपत्र खोलेको ७ दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईनेछैन।

३. खरिद भएका शिलबन्दी बोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम ठेगाना र काम लेखी सूचना प्रकाशित भएको मितिले बोलपत्र ३१ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी शिलबन्दी बोलपत्र पेश गरी सक्नु पर्नेछ। दर्ता हून आएका शिलवन्दी बोलपत्र सोही दिनको १३:०० वजे यस कार्यालयमा शिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। शिलबन्दी वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो शिलबन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन।

४. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको कुमारी बैंक बुङचुङ शाखाको धरौटी खाता ०८१००३५१२४६०००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति देखि बोलपत्रको हकमा १२० दिन म्याद भएको, मान्याता प्राप्त वैंकबाट वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।

५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी हेरी साइट निरिक्षण गरी बोलपत्र भरेको मानिनेछ।

६ .बोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्यअभिवृद्धि कर वाहेकको हुनुपर्नेछ। मुल्यअभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिनेछ।

७. बोलपत्र भर्दा दररेट स्पस्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत ( परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।

९. बोलपत्र शर्त रहित,यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट भए सहीछाप भएको हुनु पर्नेछ, समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन।

१०. कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११. बोलपत्रमा आवश्यक कुनै शंसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ।

१२. प्रचलित ऐन नियम अनुसार लाग्ने संपूर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।

१३. संयुक्त उपकम ( Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ।

१४. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन।

१५. शिलवन्दी बोलपत्र खरिद र दर्ता गर्न अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ।

१६. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४ (शंसोधन सहित), सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ।

**स्वीकृत कार्यक्रमहरुको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकाम भ्याट र कन्टिन्जेन्सी बाहेक | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Siddhalek/BPTKR-1/NCB/ Road /15/2075/076 | बैरेनी पीपलनलाङ ठाँटी कमलावारी सडक ( चे.नं..0+१०० देखि २+०५० सम्म) | १०१४४३१०.६९ | २९६०००.०० | ३०००।०० | संघ साझेदारी |
| २. | Siddhalek/BPTKR-2/NCB/ Road /16/2075/076 | बैरेनी पीपलनलाङ ठाँटी कमलावारी सडक ( चे.नं..२+६४५ देखि १५+५०० सम्म) | १७१९३३९२.०२ | ५०००००.०० | ३०००।०० | प्रदेश साझेदारी |
| ३. | Siddhalek/BAMKR/NCB/ Road /17/2075/076 | बुङचुङ आरुवास मैदान कमलावारी सडक | १५५६२४८०.०२ | ४५५०००.०० | ३०००।०० | संघ साझेदारी |
| ४. | Siddhalek/PKKR/NCB/ Road /18/2075/076 | परेवाटार कुम्पुरभञ्ज्याङ कालीरह सडक | १६८११६४५.७७ | ४९१०००.०० | ३०००।०० | संघ साझेदारी |

प्रमुख प्रशासकिय अधिकृत